**नेपाल सरकार**
**गृह मन्त्रालय**
**नेपाल हज समिति**
**सिंहदरबार काठमाडौं ।**

# सन् २०२६(हज १४४७) को हज यात्राको लागि सूचना ।

**प्रकाशित मिति २०८२/५/०६ गते**

सन् २०२६ (हज १४४७) का लागि नेपालबाट १२०० जना इस्लाम धर्मावलम्वीहरूले हज गर्न सक्ने गरी साउदी अरब सरकारबाट कोटा निर्धारण भइ आएको छ। उक्त कोटा भित्र रहने गरी हज गर्न इच्छुक नेपाली मुस्लिम धर्मावलम्वीहरूले नेपाल हज समितिको सचिवालयको वेब साइट nepalhajj.moha.gov.np मा रहेको हज आवेदन फाराम Download गरी आफ्नो स्थायी ठेगाना रहेको जिल्ला प्रशासन कार्यालयमा पहिलो किस्ता वापत रू.१,५०,०००।- (अक्षेरूपी एक लाख पचास हजार मात्र) बुझाई मिति २०८२/०५/०६ गते देखि मिति २०८२/६/२० गते (तद् अनुसार २२ अगष्ट देखि ०६ अक्टोबर, २०२५) भित्र निम्न कागजातहरू संलग्न राखी आवेदन गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१.नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपि -१ प्रति

२.राहदानी (MRP वा e-passport) को फोटोकपि -१ प्रति

(राहदानी वाहकको पूर्ण विवरण: नाम, ठेगाना, जन्म मिति, लिङ्ग(महिला/पुरुष) तथा कार्यालयको छाप र हस्ताक्षर ठिक भए नभएको एकिन भएको र पासपोर्टको म्याद सकिने मिति सन् २०२६ डिसेम्बर ३० भन्दा पछि सम्म कायम रहेको)

३.हज शुल्क वापत पहिलो किस्तामा राष्ट्रिय वाणिज्य बैंक पुतलीसडक शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं.११३०१००००३९६००१ मा रू.१,५०,०००(एक लाख पचास हजार मात्र) बुझाएको सक्कल भौचर -१ प्रति

४.हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (सेतो ब्याकग्राउण्डमा खिचेको) -२ प्रति

५.Covid-19 विरूद्ध पूर्ण खोप लगाएको प्रमाणपत्र -१ प्रति

६.आवेदकको बैंक खाताको चेकको फोटोकपि (श्रीमान् श्रीमतीको एकै भए हुने) -१ प्रति

थप जानकारीको लागि नेपाल हज समितिको सचिवालय, सिंहदरवारको सम्पर्क फ़ोन नं ०१-४२११९०४/७२ वा इमेल ठेगाना: nepalhaj@gmail.com मार्फत् सम्पर्क गर्न सकिनेछ।

**मोख्तार अहमद**
**अध्यक्ष**
**नेपाल हज समिति, सिंहदरवार, काठमाडौं ।**